# २२. श्री भानुभक्त पोखरेल

*[संवत् २०४८ साल आश्विन २५ गते रोज ६ का दिन आयोजित समारोहमा 'मृत्युञ्जय महाकाव्य' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४७ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री भानुभक्त पोखरेलले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली त्रैमासिक' अङ्क १२८ बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू तथा विद्वान् विदुषी सभ्यगण तथा उपस्थित सज्जन एवं भद्रमहिला !

यस समारोहमा सर्वप्रथम म मदन पुरस्कार गुठीको स्थापना गरेर नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति यस अखण्ड महायज्ञको श्रीगणेश गर्ने गराउने मूल प्रेरक र कारक तथा संस्थापक व्यक्तित्वहरूको श्रद्धापूर्वक सुस्मरण गर्न चाहन्छु। यसै गरी अखबारी चकाचौंधका चमकद्वारा चम्किनबाट वञ्चित म जस्ता अनतिचर्चित कविलाई मेरो महाकाव्य-साधनाका निम्ति 'मदन पुरस्कार' जस्तो राष्ट्रिय गरिमाको पुरस्कारले विभूषित गर्नुभएकोमा यस गुठीको साधारण सभाका अध्यक्ष महोदय लगायत सम्पूर्ण सदस्य महानुभावहरू, निर्णायक सुधीहरू र यसमा संलग्न अन्य सबै हृदयालु व्यक्तिहरूलाई म साभार हार्दिक धन्यवाद दिन्छु। यसरी नै जुन गुरुपूर्वानुक्रमका अखण्ड प्रवाहको रस चुसेर मेरो कवि-बीजाङ्कुर टुसायो-लहरायो र जजसको निकट सम्पर्कका स्नेह छहारीमा पुष्पित-प्रसवित हुँदै हुर्किरहेको छ ती सबै गुरुजनहरूप्रति श्रद्धाभाव र आभार प्रकट गर्नु पनि म मेरो कर्तव्य ठान्दछु।

विक्रम संवत् २०१०/०११ सालतिर १७/१८ वर्षको उमेरमा 'पञ्चकन्यास्तोत्र' नामक कविता रची कमेरे खर्ककी देवीको स्तुतिबाट मैले नेपाली कविता लेख्न थालेको हुँ र आज पनि मूल प्रकृति वा आद्याशक्तिस्वरूप सवित्रीदेवीकै चरित्रमा आधारित कवितात्मक कृति नै पुरस्कृत भइरहेको संयोग पनि तपाईंहरूलाई स्मरण गराउन चाहन्छु। अप्रकाशित रूपमा जे-जस्तो भए पनि प्रकाशित रूपमा २०१४ सालदेखि म कविताका क्षेत्रमा ताती गरिरहेको छु। साहित्यिक वातावरण ठ्याम्मै नभएका दुर्गम पहाडी भेकबाट घस्रिँदै-पस्रिँदै नेपाली साहित्यमा केही गर्ने एक मात्र उत्साहका भरमा

खेलाँची गर्दै जाँदा काव्य कविताका ६ थान र समीक्षात्मक गद्यका ५ थानसमेत आजसम्म मेरा जम्मा ११ थान कृति प्रकाशित भएका छन् र यो महाकाव्य हालसम्मको पछिल्लो प्रकाशन हो। कवितात्मक कृतिहरूका क्रममा पनि प्रस्तुत कृति छैटौं हो। यति लामो समयावधिमा मैले नेपाली कविताका क्षेत्रमा के कति खनजोत गर्न सकें त्यसको लेखाजोखा गर्ने काम तपाईंहरूको हो, तापनि प्रस्तुत पुरस्कारको प्राप्तिचाहिँ कुनै आकस्मिक घटना नभएर मेरै तीस-पैंतीस वर्ष लामो काव्यसाधनाको परिणाम हो भन्ने मलाई लाग्छ।

'साहित्य सभ्यताको उत्कर्षका लागि, सञ्ज्ञानात्मक आनन्दका लागि र मानवीय मूल्यप्रतिको जागरूकताका लागि' भन्ने मान्यताको परिकल्पना गरिहिँड्ने हुनाले म आफ्नै जीवन सङ्घर्षका अनुभूतिमूलक चिन्तन-बिन्दुहरू सँगाल्ने गर्छु र मूलत: आफ्ना स्वानुभवहरूलाई प्रमाण मानेर अघि बढ्ने गर्छु। यसैले कतिपय दर्शन-सिद्धान्तका सूत्रहरूको यत्किञ्चित् संस्पर्श प्राप्त गर्नु परे तापनि मेरा सृजनशीलताको मूल स्रोत चाहिँ स्वतन्त्र आत्मानुभूतिहरूको रासायनिक सेचन नै हो भन्ने मलाई लाग्छ। म आफ्ना प्राध्यापन कर्मले द्रष्टा समीक्षक पनि हुँ र मैले आफ्ना वैचारिक रुचिअनुसार काव्यशास्त्रीय सिञ्चनकासाथ काव्य कविताबारे केही खस्रा-मस्रा आत्मचिन्तनहरू प्रस्तुत गर्ने गरे तापनि तिनमा कुनै देशकालविशेष र व्यक्तिविशेषमाथि आक्षेप नगरिएको हुनाले तथा म स्वभावले ठाडो मिजासको, प्रस्ट वक्ता पाखे-पहाडे हुनाले मैले कृत्रिम तरिकाले कटुसत्य नलुकाई केही जर्रा-टर्रा समीक्षाहरू लेखे तापनि ती समीक्षाहरू कुनै खास कवि विशेष वा व्यक्ति विशेषका बारेमा नभएर सोलोडोलो कुनै प्रवृत्ति, युग वा धारा विशेषका बारेमा मात्र केन्द्रित भएका हुनाले मेरो समालोचकले कसैलाई पनि चिढ्याएको छैन र म मेरा पूर्ववर्ती, समवर्ती र उत्तरवर्ती सम्पूर्ण कवि लेखकहरूका माझ अत्यन्त स्नेह-सद्भावको पात्र रहिआएको छु, जसले गर्दा म आफूलाई त्यस्तो भाग्यमानी कविलेखकका रूपमा पाउँछु, जसप्रति ईर्ष्या-द्वेष र कटुताको भाव राख्ने एउटै पनि कविलेखक छैन।

**सहृदय रसिकवृन्द,**

अहिले पुरस्कृत 'मृत्युञ्जय महाकाव्य' नामक ग्रन्थ सावित्री-सत्यवान्का कथामा आधारित छ। यसको अन्तिम रूप तयार गर्न मलाई लगभग पाँच वर्ष लागेको छ। नेपाली जनमानसको साँस्कृतिक चेतनामा चिरकालदेखि अनुस्यूत उक्त प्राचीन पौराणिक कथालाई युगानुकूल नयाँ चिन्तन-ज्योतिले उज्याल्दै एकातिर त्यसमा आधुनिक विश्वचेतना र वैज्ञानिकता भित्र्याउने प्रयास गरिएको छ भने अर्कातिर जीवनले मृत्युलाई जितेको देखाउन खोजिएको छ। सावित्री भन्नु प्रकृतिकी प्रतीक सृजनशीला नारी हुन् वा मातृ-शक्ति हुन् र नारीको 'सृजनधर्म', 'जननीत्व' एवं रमणीको 'रति-प्रीतित्व'ले 'मृत्युत्व' वा ध्वंसलाई जितेर जीवनतत्त्वलाई सतत कायम राख्न सक्छ भन्ने मेरा जीवनबोधी अनुभूतिको काव्यपरिपाक हो-प्रस्तुत कृति।

पञ्चायतीकालमा, २०४६ साल असोजमा नै प्रकाशकलाई हस्तान्तरित गरिसकिएका यस महाकाव्यमा संवैधानिक राजतन्त्र र प्रजातान्त्रिक मूल्यका साथै समसामयिक युगचेतना र युगानुयुगीन शाश्वतताको समन्वय कायम गर्ने प्रयास गरिएको छ। संक्षेपमा सावित्री भन्नु सरस्वतीकै रूप भएकाले र सरस्वती भन्नु भाषाकै रूप भएकाले गर्दा प्रकारान्तरले प्रस्तुत महाकाव्य वाणी-भाषाकै वा वाग्देवीकै आराधनामा समर्पित रहे जस्तो मलाई लाग्छ।

यस्ता महोत्सवहरूमा कविचेतनलाई भन्दा व्यक्तिचेतनलाई प्रसन्नताका अनुभूतिहरूले बढी तरङ्गित पार्नु स्वाभाविक नै हो र यस पुरस्कारको प्राप्तिले व्यक्तिगत रूपमा म अत्यन्त प्रसन्न भएको छु भने मेरो कवि-चेतचाहिँ पर्याप्त प्रसन्नताका साथ जिम्मेदारीको भार बढेको अनुभव पनि गरिरहेको छ।

अन्त्यमा, म यस समारोहले बोकाएको काव्यसृजनसम्बन्धी गहन जिम्मेदारी अझ राम्ररी बहन गर्दै जाने शक्तिसामर्थ्यका निम्ति स्वदेश-विदेश सबैतिरका नेपाली कविता-प्रेमी सम्पूर्ण दाजुभाइ-दिदीबहिनीहरूबाट शुभाषिस पाउने आशा राख्दछु धन्यवाद !

☒ ☒ ☒